नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:केही सार्वजनिक अपराध।

मि.नं.- , दायर मिति-:२०७५-०४-१०

फैसला मिति-२०८०-०८-२८

वादी

प्र.ना.नि.रामबालक राय यादव समेतको प्रतिवेदनले

नेपाल सरकार------------------------------------------१

प्रतिवादी

राम बहादुर थापा मगरको छोरा जि.सर्लाही बरहथवा न.पा.वडा नं.१ बस्ने बर्ष ४२ को भरत थापा समेत२-१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले अश्लील शब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात समेतको प्रयास गरेको भन्ने प्रहरी प्रतिवेदन जाहेरी दरखास्त।

२. अश्लील शब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात समेतको प्रयास गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जोखु प्रसाद यादव समेतको घटनाविवरण कागज।

३.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०७५।०३।१८ गते ०९:३० बजेको समयमा जि.पर्सा बीरगंज म.न.पा.वडा नं.८ स्थित घण्टाघरस्थित सार्वजनिकमा भरत थापा र बिजय नेपाली हो-हल्ला गरी अशान्ति मच्चाईरहेको भन्ने प्राप्त सूचनाको आधारमा निजहरुलाई नयन्त्रणमा लिई सोधपुछ गर्ने क्रममा निजहरुले म समेतको प्रहरी टोलीलाई अश्लील शब्द प्रयोग गरी गाली गलौज गर्नुका साथै हातपात समेतको प्रयास गरी प्रहरीको काम कर्तव्य पालनामा बाधा अवरोध पुर्याकोले भन्ने प्रहरी प्रतिवेदन रहेको , सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले केही सार्वजनिक (अपराध र सजाय)ऐन,२०२७ को दफा २ को देहाय (क),(ख),(ग) र (ज) ले निषेधित कसूर गरेको ठहर्छ। सो ठहर्नाले केही सार्वजनिक (अपराध र सजाय)ऐन,२०२७ को दफा ६(१) बमोजिम फरार प्रतिवादीहरु भरत थापा र बिजय नेपालीलाई जरिवाना जनही रु ५०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम **केही सार्वजनिक (अपराध र सजाय)ऐन,२०२७ को दफा २ को देहाय (क),(ख),(ग) र (ज) ले निषेधित कसूरमा** सोही ऐनको दफा ६(१) प्रतिवादीहरु भरत थापा र बिजय नेपालीलाई ठहरेको जरिवानाको हकमा जनही रु ५०००।-असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु।----------------------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जि. अदा. बी. पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-------------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल मंसिर महिना २८ गते रोज ५ शुभम् ........................